**श्री हर्दी केलादी सामुदायिक वन उपभोक्ता समुह**

गैंडाकोट-३, नवलपरासी (व.सु.पुर्व)

काठ/दाउरा बोलपत्रद्वारा लिलामविक्रि सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/०६)

(दोश्रो पटक प्रकाशित मिति २०७९/११/०४)

अध्यक्ष

यस सामुदयिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रवाट आ.व. २०७५/०७६ मा उत्पादन भई समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्यक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी १६ औ दिन दिनको १२: ०० बजे भित्र सामुदायिक वन उपभोक्ता समुहको कार्यालय वा डिबिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१. लिलाम बिक्री हुने वन पैदावरको विवरण :

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यु.फि.) | | प्रति ईकाई न्युनतम मुल्य रु. | मुल्यांकन रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | चिरान | गोलिया | | | | |
| १ | साल | चिरान | ए | १९३ | ४१३.७२ | (५७९.२१) | १,०००।- | ५,७९,२१०।- | २,४८,२३२।- | |
| २ | साल | चिरान | ए | ५५७ | १२२८.४८ | (१७१९.८७) | १,०००।- | १७,१९,८७०।- | ७,३७,०८८- | |

२.बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७९/११/१८ गते कार्यालय समय सम्म।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति :२०७९/११/१९ गते, समय: दिनको १२:०० बजेसम्म। बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

३. बोलपत्रसाथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक शाखा गैंडाकोटमा रहेको खाता नं. ३३५०१००००८२०००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टि समावेश हुनु पर्नेछ।

४. बोलपत्रको लागि लट नं. १ को रु.१०००/- र लट नं. २ को रु. २,०००/- को दरले पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिबिजन वन कार्यालय नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वन पैदावर यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिन्छ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदा प्रमाणपत्रको, संस्था सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रका साथ पेश गर्नुपर्ने छ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नविकरण भएको हुनु पर्नेछ।

७. निर्धारित न्युनतम संख्याका र रित पुर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९/११/२१ गते दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ। सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

८. वन पैदावर कटान मुछान गर्दा लागेको खर्च घाटगद्दी सम्मको ढुवानी र पाईलिङ वापतको सबै संकलन खर्च छुट्टै बुझाउनु पर्ने छ।

९. लिलाम स्वीकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ। सो को जानकारी लिने दायित्व वोलपत्रदाताको रहने छ। वोलपत्र स्वीकृत भएको सूचना प्रकाशीत भएको वा जानकारी प्राप्त भएको मितिले ४५ (पैंतालिस) दिन भित्र सकार रकम, कटान मुछान खर्च तथा यिमानुसार लाग्ने करहरु समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावर तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. बोलपत्र साकार गरिएको रकम अंक र अक्षरमा दवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहको कार्य समितीमा निहित रहनेछ।

१३. अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।